DMC Research Journal
Vol.6.No.01(2024)
ISSN:2505-0648(P)
DOI: https://doi.org/10.3126/dmcrj.v6i01.73842

# मेरी आमा शोककाव्यमा करुणरस

**बाबा बस्नेत**

प्राज्ञ परिषद सदस्य, नेपाल प्रज्ञा-प्रतिष्ठान

basnet.baba6@gmail.com

## लेखसार

*प्रस्तुत अध्ययनमा पूर्वीय काव्यशास्त्रमा स्थापित रससिद्धान्तअन्तर्गत करुणरसको अध्ययन गरिएको छ । सोमप्रसाद गर्तौलाद्वारा रचित मेरी आमा (२०७१) शोककाव्यमा करुणरसको अध्ययन गरिएको प्रस्तुत लेखमा रसका उपकरणहरू विभाव, अनुभाव, व्यभिचारीभाव र स्थायीभावको सापेक्षतामा काव्यको अध्ययन गरिएको छ । पुस्तकालयीय अध्ययनकार्यबाट सामग्रीसङ्कलन गरिएको प्रस्तुत अध्ययनमा पाठविश्लेषणविधिको उपयोग भएको छ । आमाको असामयिक देहावसानपछि कविमा देखिएको मातृमोह, पीडा, चिन्ता र दुःखबाट सिर्जित शोकभावलाई काव्यमा प्रस्तुत गर्ने क्रममा करुणरस निष्पत्ति हुन पुगेको निष्कर्ष निकालिएको यस लेखमा करुणरस निष्पत्तिका लागि आवश्यक रस उपकरण र यसको साधारणीकरणलाई समेत निष्कर्षात्मक रूपमा प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी :** अनुभाव, आलम्बन, उद्दीपन, करुणरस, विभाव

## १. विषयपरिचय

*मेरी आमा* (२०७१) सोमप्रसाद गर्तौला (२०४३) द्वारा रचित शोककाव्य हो । नेपाली साहित्य क्षेत्रमा कवि, साहित्यकार तथा समालोचकका रूपमा परिचित गर्तौला पूर्वीय तथा पाश्चात्य साहित्य समालोचना क्षेत्रमा विशेष कलम चलाउँछन् । उनको यस शोककाव्यमा उनकी ममतामयी आमाको स्वर्गारोहण भएपछि आमाको वियोगमा व्यक्त करुणभावयुक्त श्लोकहरू प्रस्तुत छन् । एउटा सन्तानका लागि आमाको माया नै सबैथोक हुँदाहुँदै पनि आमाले आफूलाई किशोरवयमै टुहुरो पारेर जाँदा मनमा गुम्सिएका पीडा र वेदनालाई कविले प्रस्तुत

शोककाव्यमा अभिव्यक्त गर्दा करुण रस प्रकट हुन पुगेको छ । लोकलयमा रचिएको यस काव्यमा समर्पण, मायाले पाल्नु है !, मेरी आमा, कहाँ छ तिम्रो वास ? र राखौँला सुकीर्ति गरी पाँच खण्डमा शोकभाव प्रस्तुत गरिएको छ। झ्याउरे लयका कारण सुमधुर स्वरमा गाउन मिल्ने यस शोककाव्यमा सरल भाषा तथा शैलीको सरस रूपमा उपयोग गरिएको पाइन्छ । पूर्वीय साहित्य समालोचना क्षेत्रको एक प्रमुख सिद्धान्त रस हो । रसलाई पूर्वीय समालोचना अध्ययन परम्परामा नौओटा भनी वर्गीकरण गरिएको पाइन्छ। बाह्य परिस्थितिका कारण मानवीय मनमा उत्पन्न हुने नौ प्रकारका स्थायीभाव परिपाकमा पुगेपछि रस उत्पन्न हुन्छ। यसरी उत्पन्न हुने रसहरू शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, बीभत्स, अद्‌भुत र शान्त रहेका छन् । यी रसका आआफ्ना स्थायीभाव रहेका छन् । साहित्यलाई सुललित र भावयुक्त बनाउनका लागि नभई नहुने साहित्यिक भावलाई नवरसले नै प्रस्तुत गरेका हुन्छन् । कविका मनका भावलाई काव्यमार्फत् पाठकको मनमा प्रवेश गराई काव्यात्मक रसलाई साधारणीकरण गरी पाठक मनलाई आल्हादित बनाउने कार्य रसले नै गर्दछ । प्रस्तुत लेखमा यिनै रसमध्ये करुण रसको सैद्धान्तिक आधारमा *मेरी आमा* शोककाव्यको अध्ययन गरिएको छ।

## २. अध्ययनविधि

नेपाली साहित्य समालोचनाका क्षेत्रमा शोध तथा अध्ययन गर्दा विभिन्न विधिको प्रयोग गरिन्छ । काव्यमा रसको खोज गर्ने उद्देश्य भएको कारण प्रस्तुत अध्ययनमा पुस्तकालयीय सामग्री सङ्कलनविधिको अवलम्बन गरिएको छ। प्रस्तुत अध्ययनका लागि प्राथमिक सामग्रीको रूपमा सोमप्रसाद गर्तौलाद्वारा रचित *मेरी आमा* (२०७१) शोककाव्यलाई लिइएको छ भने द्वितीयक स्रोतका रूपमा रससँग सम्बन्धित विभिन्न सैद्धान्तिक पुस्तक तथा रसको सैद्धान्तिक अध्ययन गरिएका अनुसन्धानात्मक लेखहरूलाई लिइएको छ। यस अध्ययनमा नयाँ सिद्धान्तको स्थापना गर्ने उद्देश्य नभएकाले स्थापित सिद्धान्तको प्रयोगद्वारा उपलब्ध सामग्रीको अध्ययन, विश्लेषण गरी निष्कर्षमा पुग्नका लागि विश्लेषणात्मक विधिको उपयोग गरिएको छ।

## ३. करुणरसको सैद्धान्तिक परिचय

पूर्वीय साहित्य सिद्धान्तमा रसलाई काव्यको आत्मा मानिएको पाइन्छ । रसको प्रथम व्याख्याता भरतका अनुसार 'तत्र विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्तिः' अर्थात् विभाव,

अनुभाव र व्यभिचारीभावको संयोगबाट रसनिष्पत्ति हुन्छ ।  त्यसपछि रसका बारेमा विभिन्न समयमा विभिन्न विद्वान्हरूले व्याख्या विश्लेषण गरे तापनि रसलाई काव्य अर्थात् साहित्यको आत्माको रूपमा राखी अध्ययन गर्ने गरेको पाइन्छ । भरतदेखि अहिलेसम्म रसको अध्ययन परम्परामा शृङ्गार, हास्य, करुण, रौद्र, भयानक, वीर शान्त, बीभत्स र अद्भूत गरी रस नौ प्रकारका हुन्छन् भनेर नवरसको व्याख्या गरेको पाइए पनि केही विद्वान्हरूले नवरसमा भक्तिरस र वात्सल्यरस थपी एघार रसको चर्चा गरेको पाइन्छ । केही विद्वान्ले एघार रसको व्याख्या गरे पनि स्थापित मान्यतालाई आधार मान्दा नवरस नै प्रमुख रसको रूपमा रहेको छ । यसरी नवरसलाई पूर्वीय साहित्य सिद्धान्तमा रसको आत्माको रूपमा स्वीकार गरिएको भए पनि यिनै नवरसमध्ये करुणरसको अध्ययन प्रस्तुत अनसन्धानात्मक लेखमा गरिएको छ । यसरी करुणरसको अध्ययन गर्ने क्रममा रसका उपकरणलाई पनि प्रस्तुत गर्नु उचित देखिएकोले रसका उपकरणको चर्चा गर्दै प्रस्तुत लेखमा काव्यमा करुणरस अध्ययन गरिएको छ ।

रससिद्धान्तको प्रथम व्याख्याता नाट्यशास्त्र रचयिता भरतमुनि हुन् । उनले *नाट्यशास्त्र*मा 'विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्तिः' (सन् १९८, पृ. ४२) अर्थात् विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट मात्र रसनिष्पत्ति हुन्छ भनेका छन् । उनकै मान्यतालाई आधार मान्दै रसका उपकरणहरू विभाव, अनुभाव र व्यभिचारीभावको परिचय दिने क्रममा करुणरसको आधारमा रसका उपकरणको परिचय यहाँ दिइएको छ ।

'शोक' स्थायीभाव करुण रसको जननी हो । शोक स्थायीभाव भएको करुण रस कुनै प्रिय वस्तु या व्यक्तिको वियोग हुँदा, मनपरेको वस्तु नष्ट हुँदा, अनिष्ट खबर तथा घटनामा करुण रसको उत्पत्ति हुने गर्दछ (विश्वनाथ, सन् १९१०, पृ. ११६) । त्यसैले नायक-नायिकाको वियोग तथा इष्टको नाश र अनिष्टको प्राप्ति आलम्बन विभाव हो भने प्रिय वस्तुको स्मरण, चित्रण, शवको दृश्य, घटना, वस्तु आदि उद्दीपन हो । करुण रसको अभिव्यञ्जना मूलतः इष्टवियोग र अनिष्टसंयोग हो । क्लेस, प्रियजन वियोग, सम्पत्ति नाश, वध, विद्रुप, आलम्वन, विभाव, पूर्वकालमा गरिएका कार्य र कर्महरूको सम्झना उद्दीपन विभाव, अश्रुपात, विलाप, मुख मलिनता, शरीरमा शिथिलता, लामो श्वास, स्मृति भ्रम अनुभाव शम, ग्लानी चिन्ता, आवेग, भ्रम आदि व्यभिचारी भावद्वारा करुण रसको आस्वाद प्राप्त हुन्छ (भरत, सन् १९८४, पृ.

१७०) । तसर्थ इष्टनाश तथा अनिष्ट प्राप्तिका कारण शोक अभिव्यञ्जित हुन गएमा करुणरस हुन्छ (गर्तौला, २०८१, पृ. ५१) यसरी हेर्दा शोक स्थायीभावबाट करुण रस उत्पन्न हुन्छ ।

## विभाव

रससिद्धान्तमा विभावलाई रसनिष्पत्तिको कारण मानिन्छ । विभावको व्युत्पत्तिगत अर्थ भावनालाई प्रस्फुटित पार्नु हो (उपाध्याय, २०६५, पृ. २८) । यसलाई मन वा शरीरको विशेष स्थितिमा विकास हुने अवस्थाको रुपमा पनि लिन सकिन्छ । विभाव आलम्बन र उद्दीपन गरी दुई प्रकारको छ ।

'शोक' स्थायीभाव हुँदा नायक नायिकाको वियोग तथा इष्टनाश र अनिष्टको प्राप्ति आलम्बन विभाव हो (गर्तौला, २०८१, पृ. ५१) । यस्तै प्रिय वस्तुको स्मरण, चित्रण, शवको दृश्य, घटना, वस्तु आदि उद्दीपन (गर्तौला, २०८१, पृ. ५१) विभाव हो । यिनै आलम्बन र उद्दीपन विभाव अनुभाव तथा व्यभिचारीभावसँग संयोग हुँदा शोक स्थायीभाव जागृत भई करुणरस आस्वाद हुन्छ ।

## अनुभाव

दुःखी मान्छेको मनको शोकयुक्त अवस्था रुनु, छट्पटाउनु, मलिन अनुहार बनाउनु, निद्रामा बर्बराउनु, पात्रमा बेचैनी हुनु, चिन्ता, पीडा आदि अनुभाव (गर्तौला, २०८१, पृ. ११०) हो । स्थायी भाव उद्दीप्त भएपछि त्यसको आश्रयमा देखिएर स्थायीभावलाई बाहिर प्रकाश गर्ने व्यापारहरू अनुभाव कहलाउँछन् (सिग्द्याल, २०१६, पृ.८) । विभावपछि उत्पन्न हुने भएकाले यसलाई अनुभाव भनिएको हो । पूर्वीय काव्यशास्त्रअनुसार अनुभाव कायिक, मानसिक, वाचिक तथा आहार्य र सात्त्विक वा मानसिक गरी तीन प्रकारमा अनुभावलाई वर्गीकरण गरिएको पाइन्छ (गर्तौला, २०८१, पृ. २४) । विभाव तथा व्यभिचारीभावसँग यिनै अनुभावको संयोग भई स्थायीभाव जागृत हुँदै करुण रस निष्पत्ति हुन पुग्दछ ।

## व्यभिचारीभाव

व्यभिचारीभाव क्षणिक हुन्छ । यसलाई विभिन्न रसमा डुलिरहने अर्थात् सञ्चरण गरिरहने अर्थमा लिइन्छ । यसरी एउटा रसमा क्षणिक रूपमा रहने र सधैँ पानीका फोका झैँ

सञ्चरणशील हुने भएकाले यसलाई सञ्चारीभाव पनि भनिन्छ । यो अस्थिर किसिमको हुन्छ ( गर्तौला, २०८१, पृ. २६) रससिद्धान्तमा व्यभिचारीभाव ३३ किसिमका रहन्छन् भने करुणरसमा ग्लानि, चिन्ता, आवेग, भ्रम, मोह, भय, विषाद, जडता, त्रास, आलस्य, मरण, अश्रु (गर्तौला, २०८१, पृ. ११०) आदि रहन्छन् ।

## स्थायीभाव

सुरुदेखि अन्त्यसम्म रहिरहने भावलाई स्थायीभाव भनिन्छ । स्थायी भावको तात्पर्य त्यस्ता भावहरूसँग छ जो समग्र वर्णनीय विषयवस्तुको थालनीदेखि लिएर समाप्तिपर्यन्त व्यापक रूपमा स्थिर किसिमले रहन्छन् (उपाध्याय, २०६५, पृ.३०) । मानिसले दैनिक जीवनमा जे देख्छ, सुन्छ, भोग्छ र अनुभव गर्छ त्यो मानव हृदयमा संस्कार वा वासनाका रूपमा स्थायी भएर रहन्छ । यही संस्कार वा वासनाको भावलाई नै स्थायीभाव भनिन्छ (गर्तौला, २०८१, पृ. २६) । स्थायी भाव व्यभिचारीभावभन्दा भिन्नै किसिमका हुन्छन् । पूर्वीय काव्यशास्त्रमा बहुप्रचलित र विशेष रूपमा स्थापित रति, हास, शोक, क्रोध, उत्साह, भय, जुगुप्सा, विस्मय र शम गरी नौ प्रकारका स्थायीभाव छन् (गर्तौला, २०८१, पृ. २९) । यिनै स्थायीभाव परिपाकमा पुगेपछि रस निष्पत्ति हुन्छ । प्रस्तुत लेखमा यिनै स्थायीभावमध्ये करुणरस निष्पत्ति गर्ने शोक स्थायीभावको आधारमा *मेरी आमा* शोककाव्यको अध्ययन गरिएको छ ।

## ४. सामग्री विश्लेषण

सोमप्रसाद गर्तौलाद्वारा रचित *मेरी आमा* शोककाव्य आमाको देहावसान भएपछि रचनाकारको मनमा उठेका शोकभावलाई व्यक्त गर्ने क्रममा प्रस्तुत काव्य हो । झ्याउरे लयमा रचित यस कृतिमा आमाको मृत्युपछि मानव मन मात्र नरोई सारा प्रकृति नै रोएको भाव प्रस्तुत भएको छ । साउन महिनामा आमाको मृत्यु हुँदा साउने झरीले रुझेको प्रकृतिलाई र झरी परिरहेको आकाशलाई आमाकै शोकमा रोएको देखाउँदै कविले त्यसरी प्रकृति रुँदै गर्दा आफू पनि तिनैसँग मिसिएर रुन पुगेको शोकभाव तलको काव्यांशमा व्यक्त गरेका छन् :

आकाश बिच तारा ती हेरी कहिले टोलाएँ
सपनी बिच आमा ती देखी झस्केर बोलाएँ ।
सम्झिएँ आमा मायालु क्षण यो भित्री मनमा
एकान्त खोज्दै गएर रोएँ त्यो पारि वनमा ॥१॥ (पृ. १)

प्रस्तुत काव्यांशमा व्यक्त परिवेशले विभावलाई उद्‌घाटन गरेको छ । आकाशको तारा हेरेर टोहोलाउनु, सपनीमा आमा देखेर झस्किनु, कराउनु, वनमा गएर एक्लै रुनु जस्ता आलम्बन विभाव प्रस्तुत काव्यांशमा व्यक्त छ । त्यसैगरी आकाशका तारा, रातको समय, सपना, झस्किनु, वन, रुनु जस्ता दृश्यले उद्दीपन विभाव प्रस्तुत हुन पुगेको छ । जसले प्रस्तुत काव्यांशलाई शोक स्थायीभावतर्फ अगाडि बढाएको छ । त्यस्तै रुनु, झस्किनु, निद्रामै बोलाउनु, मानसिक रूपमा पीडित हुनु, ग्लानि, पीडा, दुःख आदि अनुभाव प्रस्तुत काव्यांशमा अभिव्यक्त छ । व्यभिचारीभावका रूपमा कथयिता पात्रमा आवेग, मोह, भय, विषाद, त्रास, मरण, अश्रु जस्ता भावहरू प्रस्तुत हुनुले यी व्यभिचारीभावहरू विभाव र अनुभावसँग संयोग भएर शोक स्थायीभाव अभिव्यक्त हुन पुगेको देखिन्छ । यसरी अभिव्यक्त भएको शोक स्थायीभावबाट नै करुणरस निष्पत्ति भएको छ । त्यस्तै :

किन हो हरे रोएथ्यो बादल तिम्रो त्यो बिदाइमा
रोएथे सारा झ्याउँकिरीहरू तिम्रो त्यो बिदाइमा ।
प्रकृति पनि रोइथिन् मध्य साउन मासमा
म टुलुटुलु हेर्दैथेँ आमा फर्किने आशामा ॥९॥ (पृ. ३)

प्रस्तुत काव्यांशमा व्यक्त बाह्य परिवेशले विभावलाई उद्घाटन गरेको छ । बिदाइमा बादल गर्जिनु, भ्याउँकिरीहरू कराउनु, साउनमा झरी पर्नु जस्ता परिवेशबाट आलम्बन विभाव प्रस्तुत काव्यांशमा व्यक्त छ । बादल लाग्नु, भ्याउँकिरीले भ्याउँभ्याउँ गर्नु, झरी परिरहनु जस्ता दृश्यले उद्दीपन विभाव प्रस्तुत हुन पुगेको छ । जसले प्रस्तुत काव्यांशलाई शोक स्थायीभावतर्फ अगाडि बढाएको छ । त्यस्तै रुनु, पीडित हुनु, ग्लानि, पीडा, दुःख आदि अनुभाव प्रस्तुत काव्यांशमा अभिव्यक्त छ । व्यभिचारीभावका रूपमा जडता, आवेग, मोह, भय, विषाद, त्रास, मरण, अश्रु जस्ता भावहरू प्रस्तुत हुनुले यी व्यभिचारीभावहरू विभाव र अनुभावसँग संयोग भएर शोक स्थायीभाव अभिव्यक्त हुँदै शोक स्थायीभावबाट नै करुणरस निष्पत्ति भएको छ ।

यसरी सारा संसार रुँदा रोएथ्यो मेरो मन
मुहार कालो पारेर यसै रोएथ्यो त्यो गगन ।
धर्तीका सारा प्राणी रोए सुसाई वनपाखा
म सानो बच्चा झन् धेरै रोएँ बर्साई दुई आँखा ॥११॥ (पृ. ३)

प्रस्तुत काव्यांशमा व्यक्त बाह्य परिवेशले विभावलाई उद्घाटन गरेको छ । संसार रुनु अर्थात् पानी पर्नु, कालो बादल लाग्नु र पानी बर्सनु, वनपाखामा पानी परिरहनु जस्ता परिवेशबाट प्रस्तुत श्लोकमा आलम्बन विभाव व्यक्त भएको छ । बादल लाग्नु, झरी परिरहनु, आँसु बगाएर बच्चा रोइरहनु जस्ता दृश्यले श्लोकमा उद्दीपन विभाव प्रस्तुत हुन पुगेको छ । जसले प्रस्तुत काव्यांशलाई शोक स्थायीभावतर्फ अगाडि बढाएको छ । त्यस्तै रुनु, पीडित हुनु, ग्लानि, पीडा, दुःख आदि अनुभाव प्रस्तुत काव्यांशमा अभिव्यक्त छ । व्यभिचारीभावका रूपमा जडता, आवेग, मोह, भय, विषाद, त्रास, मरण, अश्रु जस्ता भावहरू प्रस्तुत हुनुले यी व्यभिचारीभावहरू विभाव र अनुभावसँग संयोग भएर शोक स्थायीभाव अभिव्यक्त हुँदै शोक स्थायीभावबाट नै करुणरस निष्पत्ति भएको छ ।

गयौ नि आमा छोडेर मलाई यो मुटु जलाई
यो सारा संसार फूल र फल बोटमा फलाई ।
सृष्टि यो तिम्रै बिर्सेर गयौ त्यो परलोकमा
यी सारा जन दुःखले रोए आमाकै शोकमा ॥१४॥ (पृ. ४)

प्रस्तुत काव्यांशमा व्यक्त वातावरणीय परिवेशले विभावलाई उद्घाटन गरेको छ आमाले सदाका लागि छोडेर जानु, सृष्टिको फूल र फल फलाउनका लागि आमाले कार्य गर्नु, सबै मान्छे आमाको शोकमा रुनुजस्ता परिवेशबाट आलम्बन विभाव प्रस्तुत काव्यांशमा व्यक्त छ । आमाको मृत्यु हुनु, आमाको मृत्युको शोकमा सबै रोइरहनु जस्ता दृश्यले उद्दीपन विभाव प्रस्तुत हुन पुगेको छ । जसले प्रस्तुत काव्यांशलाई शोक स्थायीभावतर्फ अगाडि बढाएको छ । त्यस्तै रुनु, पीडित हुनु, ग्लानि, पीडा, दुःख आदि अनुभाव प्रस्तुत काव्यांशमा अभिव्यक्त छ । व्यभिचारीभावका रूपमा जडता, आवेग, मोह, भय, विषाद, त्रास, मरण, अश्रु जस्ता भावहरू प्रस्तुत हुनुले यी व्यभिचारीभावहरू विभाव र अनुभावसँग संयोग भएर शोक स्थायीभाव अभिव्यक्त हुँदै शोक स्थायीभावबाट नै करुणरस निष्पत्ति भएको छ ।

शून्य भो गाउँ बिचरा भए ती सारा गाउँले
अँध्यारो मुख लगायो किन पहाडी ठाउँले ।
वनमा क्वैली विरह गाई बसेथ्यो अकेली
गुराँस पनि नहाँसी यसै बसेथ्यो अकेली ॥२१॥ (पृ. १६)

प्रस्तुत काव्यांशमा व्यक्त बाह्य परिवेशले विभावलाई उद्घाटन गरेको छ । सारा गाउँ नै शून्य तथा शान्त हुनु, प्रकृतिले अँध्यारो मुख लगाएर बस्नु, कोइलीले विरहको गीत गाउनु जस्ता

परिवेशबाट आलम्बन विभाव प्रस्तुत काव्यांशमा व्यक्त छ । सबैको मन अँध्यारो हुनु, चिन्ता र पीडाले कोइलीले पनि वनमा विरह गाउनु, एक्लै बस्नु जस्ता दृश्यले उद्दीपन विभाव प्रस्तुत हुन पुगेको छ । जसले प्रस्तुत श्लोकलाई शोक स्थायीभावतर्फ अगाडि बढाएको छ । त्यस्तै रुनु, पीडित हुनु, ग्लानि, पीडा, दुःख आदि अनुभाव प्रस्तुत श्लोकमा अभिव्यक्त छ । व्यभिचारीभावका रूपमा जडता, आवेग, मोह, भय, विषाद, त्रास, मरण, अश्रु जस्ता भावहरू प्रस्तुत हुनुले यी व्यभिचारीभावहरू विभाव र अनुभावसँग संयोग भएर शोक स्थायीभाव अभिव्यक्त हुँदै शोक स्थायीभावबाट नै करुणरस निष्पत्ति भएको छ ।

गोठमा गाई अकेली भइन् आमालाई नदेखी

बाखाको पाठो उफ्रिन थाल्यो आमालाई नदेखी ।

भँगेरा सारौँ परेवा चारो नपाई टोलाए

लौ छिटो आऊ ए आमा ! भनी हेरेर बोलाए ॥२३॥ (पृ. १६)

प्रस्तुत काव्यांशमा व्यक्त बाह्य परिवेशले विभावलाई उद्घाटन गरेको छ । सारा गाउँ नै शून्य तथा शान्त हुनु, प्रकृतिले अँध्यारो मुख लगाएर बस्नु, बाखाको पाठो, गाई, भँगेरा, सारौँ, परेवाका व्यवहारबाट आलम्बन विभाव प्रस्तुत काव्यांशमा व्यक्त छ । आमाको अभावमा बिरहलाग्दो वातावरणजस्ता दृश्यले उद्दीपन विभाव प्रस्तुत हुन पुगेको छ । जसले प्रस्तुत श्लोकलाई शोक स्थायीभावतर्फ अगाडि बढाएको छ । त्यस्तै पीडित हुनु, ग्लानि, पीडा, दुःख आदि अनुभाव प्रस्तुत श्लोकमा अभिव्यक्त छ । व्यभिचारीभावका रूपमा जडता, आवेग, मोह, भय, विषाद, त्रास, मरणजस्ता भावहरू प्रस्तुत हुनुले यी व्यभिचारीभावहरू विभाव र अनुभावसँग संयोग भएर शोक स्थायीभाव अभिव्यक्त हुँदै शोक स्थायीभावबाट नै करुणरस निष्पत्ति भएको छ ।

फर्किन्नौ आमा जलाएँ मैले आगो थ्यो हातमा
संसार सारा अँधेरो थियो आँसु थ्यो साथमा ।
एकैछिन् अघि काखमै मेरो सुतेकी थियौ नि
चटक्कै छोडी कसरी गयौ कुन् बाटो लियौ नि ॥३॥ (पृ. १९)

प्रस्तुत काव्यांशमा व्यक्त बाह्य परिवेशले विभावलाई उद्घाटन गरेको छ । चिताको अग्नि, अन्धकार संसार जस्ता परिवेशबाट आलम्बन विभाव प्रस्तुत काव्यांशमा व्यक्त छ । नायकले आँसु बगाउनु, आमा काखमा सुत्नु, चितामा आगो लगाउनु जस्ता दृश्यले उद्दीपन विभाव प्रस्तुत हुन पुगेको छ । जसले प्रस्तुत काव्यांशलाई शोक स्थायीभावतर्फ अगाडि बढाएको छ । त्यस्तै आँसु झार्नु, पीडित हुनु, ग्लानि, पीडा, दुःख आदि अनुभाव प्रस्तुत काव्यांशमा अभिव्यक्त छ । व्यभिचारीभावका रूपमा जडता, आवेग, मोह, भय, विषाद, त्रास, मरण, अश्रु जस्ता भावहरू प्रस्तुत हुनुले यी व्यभिचारीभावहरू विभाव र अनुभावसँग संयोग भएर शोक स्थायीभाव अभिव्यक्त हुँदै शोक स्थायीभावबाट नै करुणरस निष्पत्ति भएको छ ।

कसले अब गर्ला र माया आमाले गरे झैँ
त्यै दिनबाट टुहुरो भएँ पाताल झरे झैँ ।
सम्झना आई रसाए आँखा अगाडि अन्धकार
मलाई किन निर्जन लाग्छ हँसिलो यो संसार ॥७॥ (पृ. २०)

प्रस्तुत काव्यांशमा व्यक्त कसैले माया गर्दैन कि भन्ने चिन्ता, टुहुरोपन, गाउँ नै निर्जन लाग्नु, पीडा आदिको विलाप जस्ता परिवेशबाट आलम्बन विभाव प्रस्तुत भएको छ । नायकको मन अँध्यारो हुनु, आँखा रसाउनु, चिन्ता र पीडाजस्ता दृश्यले उद्दीपन विभाव प्रस्तुत हुन पुगेको छ । जसले प्रस्तुत श्लोकलाई शोक स्थायीभावतर्फ अगाडि बढाएको छ । त्यस्तै रुनु, पीडित हुनु, ग्लानि, पीडा, दुःख आदि अनुभाव प्रस्तुत श्लोकमा अभिव्यक्त छ । व्यभिचारीभावका रूपमा

जडता, आवेग, मोह, भय, विषाद, त्रास, मरण, अश्रु जस्ता भावहरू प्रस्तुत हुनुले यी व्यभिचारीभावहरू विभाव र अनुभावसँग संयोग भएर शोक स्थायीभाव अभिव्यक्त हुँदै शोक स्थायीभावबाट नै करुणरस निष्पत्ति भएको छ ।

फर्किनौ आमा गएको बाटो फेरिनौ त्यो सास
कहाँको बाटो गयौ नि आमा कहाँ छ निवास ?।
यो धर्ती माथि छैनौ नि आमा आगोले जलाएँ
उर्लेको बाढी हेरेर त्यहीँ खरानी सेलाएँ ॥२७॥ (पृ. २५)

प्रस्तुत काव्यांशमा व्यक्त बाह्य परिवेशले विभावलाई उद्घाटन गरेको छ । आमाको मृत्युको शोक, आमाको शोकमा छटपटाउनु, चितामा आगो बाल्नु जस्ता दृश्यले आलम्बन विभावलाई प्रस्तुत गरेको छ भने आमासँग बिछोड हुँदाको पीडा, चिन्ता आदिले उद्दीपन विभाव प्रस्तुत हुन पुगेको छ । जसले प्रस्तुत श्लोकलाई शोक स्थायीभावतर्फ अगाडि बढाएको छ । त्यस्तै रुनु, पीडित हुनु, ग्लानि, पीडा, दुःख आदि अनुभाव प्रस्तुत श्लोकमा अभिव्यक्त छ । व्यभिचारीभावका रूपमा जडता, आवेग, मोह, भय, विषाद, त्रास, मरण, अश्रु जस्ता भावहरू प्रस्तुत हुनुले यी व्यभिचारीभावहरू विभाव र अनुभावसँग संयोग भएर शोक स्थायीभाव अभिव्यक्त हुँदै शोक स्थायीभावबाट नै करुणरस निष्पत्ति भएको छ ।

चिताको आगो दन्केर बल्यो खरानी बनायो
म हेर्दै थिएँ आमाको देह खरानी बनायो ।
टुङ्गियो लीला चितामा जली बिर्सी यो संसार
आखिर तरी सकियो हरे ! खोली र जङ्घार ॥२९॥ (पृ. २६)

प्रस्तुत काव्यांशमा चिताको आगो दन्किनु, देह खरानी बनाउनु जस्ता परिवेशबाट आलम्बन विभाव प्रस्तुत भएको छ । चितामा आगो दन्केको हेरिरहनु, जीवनको खोली र जङ्घार तरेर सकिनुजस्ता दृश्यले उद्दीपन विभाव प्रस्तुत हुन पुगेको छ । जसले प्रस्तुत काव्यांशलाई शोक स्थायीभावतर्फ अगाडि बढाएको छ । त्यस्तै पीडित हुनु, ग्लानि, पीडा, दुःख आदि अनुभाव प्रस्तुत काव्यांशमा अभिव्यक्त छ । व्यभिचारीभावका रूपमा जडता, आवेग, मोह, भय, विषाद, त्रास, मरण, अश्रु जस्ता भावहरू प्रस्तुत हुनुले यी व्यभिचारीभावहरू विभाव र अनुभावसँग संयोग भएर शोक स्थायीभाव अभिव्यक्त हुँदै शोक स्थायीभावबाट नै करुणरस निष्पत्ति भएको छ ।

## ५. अङ्गीरस

सोमप्रसाद गर्तौलाद्वारा रचित प्रस्तुत खण्डकाव्यमा अङ्गीरसको रूपमा करुण रस अभिव्यक्त भएको छ । कविले ममतामयी आमालाई गुमाउनुपर्दा मनमा उठेका दुःखद भाव प्रस्तुत गर्दै पीडायुक्त स्वर यस काव्यमा अभिव्यक्त गरेका छन् । काव्यको सुरुदेखि नै आमाप्रतिको सम्मानभावसँगै आमाका पीडादायी दिनहरू, जीवनशैली र माइतीसँगको बिछोड आदिको वर्णन गर्दा यस काव्यमा शोक स्थायीभाव जागृत हुँदै करणरस परिपाकमा पुगेको छ । त्यसैले आमाको मृत्युपछि गरेको विलौना, दैनिक व्यवहार, मानसिक विक्षिप्तता, निद्रामा बर्बराउने अवस्था आदिले शोकभावलाई प्रस्तुत गरेको छ । यसले काव्यमा प्रमुख रसका रूपमा करूण रस अभिव्यक्त भएको छ । काव्यका हरेक श्लोकमा कुनै न कुनै कवितांशमा आमाको मृत्युलाई विषय बनाई शोक स्थायीभाव जागृत हुने गरी मातृस्नेहलाई प्रस्तुत गरिएको छ । यसरी समग्र काव्यको अध्ययन गर्दा सुरुदेखि अन्त्यसम्म करुण रस नै अभिव्यक्त हुँदै आएको छ तसर्थ प्रस्तुत *मेरी आमा खण्ड*काव्यको अङ्गीरस करुण रस हो ।

## ६. अङ्गरस

प्रस्तुत कथामा करुण अङ्गीरसलाई सबल बनाउनका लागि भयानक रस अङ्गरसका रूपमा अभिव्यक्त भएको छ । भयानक रस पाठकको मनमा भय भाव उत्पन्न हुँदा निष्पत्ति हुन्छ । आमाको मृत्यु हुनु, आकाश कालो हुनु, पानी परिरहनु, चितामा जलाउनु जस्ता दृश्यले

काव्यमा भयभाव निष्पत्ति गराई भयानक रस अभिव्यक्त हुन सहयोग पुऱ्याएको छ । यसरी उत्पन्न भएको भयानक रसले काव्यको सुरुदेखि अन्त्यसम्म प्रस्तुत भएको करुण रसलाई बलियो बनाएको छ । त्यसैले प्रस्तुत काव्यमा अङ्गरसका रूपमा भयानक रसप्रयोग गरिएको छ ।

## ७. निष्कर्ष

*मेरी आमा* शोककाव्यमा करुण रस अभिव्यक्त भएको छ । यस अध्ययनमा काव्यका विभिन्न अंशलाई अघि सारेर करुण रस अभिव्यक्त भएको प्रमाण पेस गरिएको छ । यस अध्ययनमा आमाको मृत्युका कारण कविले गरेको विलौना र प्रकृतिचित्रणले करुण रस अभिव्यक्त गरेको छ । निद्रामा बर्बराउने, आमालाई सपनामा देखेर झस्किने, टोलाउने, एकान्तमा गएर रुने जस्ता अनुभाव, वर्षा, झरी, कालो बादल, झ्याउँकिरी कराउनु, खोला उर्लिनु जस्ता उद्दीपन, रुनु, छटपटाउनु, मलिन अनुहार बनाउनु, निद्रामा बर्बराउनु, बेचैनी देखिनु, मानसिक रूपमा देखिएको चिन्ता, ग्लानि, पीडा आदि अनुभाव र ग्लानि, चिन्ता, आवेग, भ्रम, मोह, भय, विषाद, जडता, त्रास, आलस्य, मरण, अश्रु आदि व्यभिचारीभावको संयोगबाट शोक स्थायीभाव जागृत हुँदै यस काव्यमा करुण रसप्रयोग सबल बन्न पुगेको छ ।

## सन्दर्भ सामग्रीसूची


उपाध्याय, केशवप्रसाद (२०६७), *पूर्वीय साहित्यसिद्धान्त* (पाँचौं संस्क.), ललितपुर : साझा प्रकाशन ।

गर्तौला, सोमप्रसाद (२०७१), *मेरी आमा,* मकवानपुर : स्व. हर्ककुमारी गर्तौला स्मृति प्रतिष्ठान ।

गर्तौला, सोमप्रसाद (२०८१), *रस : सिद्धान्त र प्रयोग,* काठमाडौँ : इन्टेलेक्च्युअल्ज बुक प्यालेस ।

भरत (सन् १९८४), *नाट्यशास्त्र,* वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

विश्वनाथ (सन् १९१०), *साहित्यदर्पण,* (चौथो संस्क.), दिल्ली : मोतीलाल वनारसीदास ।

सिग्द्याल, सोमनाथ (२०५८), *साहित्यप्रदीप,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।